# विगु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा

बागमती प्रदेश नेपाल

# तेस्रो त्रैमासिक प्रगति प्रतिवेदन

आर्थिक वर्षः २०८२/०८३

## विषयसूची


**खण्ड १: परिचय ........ ४**

१.१ पृष्ठभूमि ........ ४

१.२ उद्देश्य ........ ४

१.३ प्रतिवेदन निर्माण प्रक्रिया ........ ४

**खण्ड २: गाउँपालिकाको संक्षिप्त परिचय र उपलब्धि ........ ५**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ५

२.२ चैत्र मसान्तसम्मका मुख्य उपलब्धिहरू ........ ५

**खण्ड ३: शाखागत प्रगति विवरण ........ ६**

३.१ प्रशासन शाखा ........ ६

*क. गाउँपालिकाको स्वीकृत दरबन्दी तथा पदपूर्ति स्थिति ........ ६*

*ख. विभिन्न कार्यक्रम मार्फत पदपूर्ति (थप जनशक्ति) ........ ८*

*ग. गाउँपालिकाको आन्तरिक दरबन्दी तथा ज्यालादारी जनशक्ति विवरण ........ ९*

*घ. चैत्र मसान्तसम्म सम्पादन गरिएका प्रमुख प्रशासनिक कार्यहरू ........ ९*

*ङ. संस्था, व्यवसाय तथा उपभोक्ता समिति दर्ता एवं नवीकरण विवरण ........ १०*

*च. सवारी साधन (मोटरसाइकल) व्यवस्थापन तथा भौतिक अवस्था ........ १०*

*छ. चारपाङ्ग्रे तथा हेभी इक्विपमेन्ट (सवारी साधन) व्यवस्थापन विवरण ........ १३*

*ज. विभिन्न शाखा तथा कार्यक्रमका सम्पर्क व्यक्ति सम्बन्धी विवरण ........ १३*

*झ. आपतकालीन सम्पर्क तथा समन्वय विवरण ........ १४*

३.२ आर्थिक प्रशासन शाखा ........ १४

*क. बजेट तथा कार्यक्रम कार्यान्वयनको विस्तृत अवस्था (चैत्र मसान्तसम्म) ........ १४*

*ख. राजस्व संकलनको अवस्थाः ........ १४*

*ङ. आन्तरिक राजस्व संकलनको शीर्षकगत सारांश ........ १५*

३.३ योजना शाखा ........ १६

*क. योजना कार्यान्वयनको समग्र स्थिति (चैत्र मसान्तसम्म) ........ १६*

*ख. वडागत योजनाको प्रगति विवरण ........ १७*

३.४ पूर्वाधार विकास शाखा ........ १७

*क. भौतिक प्रगति विवरण (परिमाणात्मक): ........ १७*

*ख. विगु गाउँपालिकाः योजना प्रगति सारांश तालिका ........ १८*

३.५ शिक्षा, युवा तथा खेलकुद शाखा ........ १९
क. शिक्षा शाखाः वित्तीय प्रगति विवरण (संघीय, प्रदेश र स्थानीय अनुदान) ........ १९
३.६ स्वास्थ्य शाखा ........ २१
क. स्थानीय तह भित्र सञ्चालित सेवा प्रदायक निकायको विवरण ........ २१
ख. खोप कभरेज विवरण तालिका (%) ........ २२
ग. खोप खेर जाने दर विवरण तालिका (%) ........ २३
घ. ५ वर्ष मुनिका बालबालिकामा सिघ्र श्वासप्रश्वास संक्रमण (ARI) तथा निमोनियाको संक्रमण दर (प्रति १००० बालबालिकामा) ........ २४
ङ. निमोनियाको उपचार दर ........ २४
च. ५ वर्ष मुनिका बालबालिकामा पखालाको रोगदर (प्रति १००० बालबालिकामा) ........ २४
छ. Diarrhoea को उपचारको अवस्था ........ २४
ज. वृद्धि अनुगमनका लागि दर्ता भएका ०-२३ महिना उमेर समूहका बालबालिकाको औसत भ्रमण. २५
झ. वृद्धि अनुगमनका लागि दर्ता भएका ०-२३ महिनाका बच्चाहरू मध्येका कमतौल भएका नयाँ बच्चाको (%) ........ २५
ञ. एकीकृत जनस्वास्थ्य र पोषण तथा विशेषज्ञ शिविर लगायत अन्य अभियान तथा शिविर ........ २५
ट. एक विद्यालय एक नर्स कार्यक्रम कार्यक्रम संचालन भएका विद्यालय र सेवाको विवरण ........ २५
३.७ कृषि तथा पशु सेवा शाखा ........ २६
क. कृषि तर्फका कार्यक्रमहरूको कार्यान्वियन स्थितिः ........ २६
ख. पशु सेवा तर्फका कार्यक्रमहरूको कार्यान्वियन स्थितिः ........ २७
३.८ न्यायिक समिति ........ २८
क. न्यायिक समितिको संरचना ........ २८
ख. चैत्र मसान्तसम्म सम्पादित क्रियाकलापहरू ........ २९
ग. उजुरी तथा विवाद निरूपणको अवस्था ........ २९
घ. वित्तीय प्रगति विवरण (न्यायिक समिति तर्फ): ........ २९
३.९ महिला तथा बालबालिका शाखा ........ ३०
क. चालू आ.व. २०८२/०८३ को कार्यक्रम तथा कार्ययोजनाः ........ ३०
३.१० सूचना प्रविधि शाखा ........ ३१
क. विगु गाउँपालिकामा सञ्चालित विद्युतीय प्रणालीहरूको संक्षिप्त विवरण ........ ३१
ख. इन्टरनेट सेवाको अवस्था तथा विस्तार ........ ३३
ग. ई-हाजिरी सञ्चालनको अवस्था ........ ३३



विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लाडुक, दोलखा बागमती प्रदेश, नेपाल

*घ. सूचना प्रविधि शाखाको बजेट कार्यान्वयन अवस्था* ........ *३४*

३.११ सामाजिक सुरक्षा तथा पञ्जिरकण ईकाइ ........ ३४

*क. व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन* ........ *३४*

*ख. सामाजिक सुरक्षा लाभग्राही संख्यात्मक विवरण* ........ *३५*

**खण्ड ४: चुनौती र समस्याहरू** ........ **३६**

४.१ भौगोलिक विकटता र प्राविधिक अवरोध ........ ३६

४.२ दक्ष प्राविधिक जनशक्तिको अभाव ........ ३६

४.३ योजना कार्यान्वयन र उपभोक्ता समितिको प्रवृत्ति ........ ३७

**खण्ड ५: निष्कर्ष तथा आगामी कार्यदिशा** ........ **३७**

५.१ समग्र समीक्षा ........ ३७

५.२ डिजिटल सुशासनको प्रभाव ........ ३७

५.३ प्रतिवद्धता ........ ३७

# खण्ड १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको अधिकार र जिम्मेवारी बमोजिम विगु गाउँपालिकाले आफ्ना नागरिकहरूलाई प्रभावकारी सेवा प्रवाह र विकासका कार्यहरू गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन कुन अवस्थामा छ भनी समीक्षा गर्नु र पारदर्शिता कायम गर्नु यस प्रतिवेदनको मुख्य उद्देश्य हो।

विशेष गरी चैत्र मसान्तसम्मको अवधि (तेस्रो त्रैमासिकको अन्त्य) आयोजनाहरूको भौतिक प्रगति र बजेट खर्चको हिसाबले अत्यन्तै महत्वपूर्ण रहने हुँदा, यस अवधिमा भएका प्रगतिहरुलाई यस प्रतिवेदनमा समेटिएको छ। यसले पालिकाको वर्तमान अवस्थालाई चित्रण गर्नुका साथै आगामी त्रैमासिकका लागि ठोस दिशा निर्देश गर्ने अपेक्षा गरिएको छ।

## १.२ उद्देश्य

यस प्रगति प्रतिवेदनका मुख्य उद्देश्यहरू निम्न रहेका छन्:

- चैत्र मसान्तसम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगतिको जानकारी गराउनु।
- पालिकाको आन्तरिक राजस्व र खर्चको अवस्था स्पष्ट पार्नु।
- कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू पहिचान गरी समाधानका उपायहरू पहिल्याउनु।

## १.३ प्रतिवेदन निर्माण प्रक्रिया

यो प्रतिवेदन तयार पार्न निम्न प्रक्रियाहरू अपनाइएको छ:

- तथ्याङ्क संकलनः विभिन्न शाखाहरू (प्रशासन, योजना, पुर्वधार, कृषि आदि) बाट प्राप्त कार्य सम्पादन विवरणको संकलन।
- सफ्टवेयर प्रणालीः SuTRA, PAMS-V2, E-attendance, HMIS, आदि पोर्टलमा प्रविष्टि गरिएका तथ्याङ्कहरूको विश्लेषण।
- अनुगमन प्रतिवेदनः अनुगमन समिति र प्राविधिक टोलीले फिल्डबाट उपलब्ध गराएको प्रतिवेदनको अध्ययन।

- परामर्शः प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुखहरूसँगको छलफल र समन्वय।

# खण्ड २: गाउँपालिकाको संक्षिप्त परिचय र उपलब्धि

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

बागमती प्रदेश अन्तर्गत दोलखा जिल्लाको उत्तर-पश्चिमी क्षेत्रमा अवस्थित विगु गाउँपालिका प्राकृतिक स्रोत, जलविद्युत र पर्यटकीय सम्भावनाले भरिपूर्ण एक ऐतिहासिक स्थानीय तह हो। अल्पसंख्यक थामी जातिको उद्गमस्थलदेखि प्रसिद्ध टाशी छिमे गाछल गुम्बा (विगु गुम्बा) र माथिल्लो तामाकोशी जलविद्युत आयोजनासम्मलाई समेटेको यस पालिकाको संक्षिप्त परिचय निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छः

- भौगोलिक अवस्थितिः पूर्वमा गौरीशंकर गाउँपालिका, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा कालीञ्चोक गाउँपालिका।
- क्षेत्रफलः कुल क्षेत्रफल ६६३.२ वर्ग किलोमिटर (दोलखा जिल्लाकै ठूलो क्षेत्रफल भएको पालिका)।
- प्रशासनिक विभाजनः साविकका ८ वटा गाविसहरू मिलेर बनेको यस पालिकामा कुल ८ वटा वडा रहेका छन्।
- प्रशासनिक केन्द्रः वडा नं. ४, सिंगटि, लादुक।
- जातीय विविधताः थामी, शेर्पा, तामाङ, क्षेत्री र ब्राह्मण समुदायको मुख्य बसोबास रहेको।
- प्रमुख आकर्षणः ऐतिहासिक  टाशी छिमे गाछल गुम्बा (विगु गुम्बा), च्छो-रोल्पा ताल, आलम्पुको स्लेट खानी र माथिल्लो तामाकोशी जलविद्युत आयोजना।
- आर्थिक आधारः मुख्यतया कृषि, पशुपालन, र पर्यटन ।

## २.२ चैत्र मसान्तसम्मका मुख्य उपलब्धिहरू

विगु गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक (चैत मसान्त) सम्ममा डिजिटल सुशासन, पूर्वाधार, न्यायिक सेवा र स्वास्थ्यका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ। ती उपलब्धिहरू यस प्रकार छन्:

**क. पुर्वाधार विकास**

चालु आर्थिक वर्षका लागि लक्षित पूर्वाधार योजनाहरूको सम्झौता र कार्यान्वयनमा सन्तोषजनक प्रगति देखिएको छ। कुल स्वीकृत ३६८ योजनामध्ये १७२ वटाको सम्झौता भइसकेको छ भने १५ वटा योजना पूर्ण रूपमा सम्पन्न भएका छन्।

**ख. न्यायिक सेवा**

यस अवधिमा दर्ता भएका ६ वटा औपचारिक उजुरीमध्ये स्थानीय न्यायिक समितिले ५ वटाको सफल निरुपण गरेको छ। समितिले ८ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने प्रक्रियालाई अगाडि बढाउनुका साथै स्थानीय मेलमिलापकर्ताहरूका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ।

**ग. स्वास्थ्य सेवा**

स्थानीय स्वास्थ्य क्षेत्रले पाँच वर्षमुनिका बालबालिकाको उपचारमा उत्कृष्ट नतिजा हासिल गरेको छ। न्युमोनियाबाट ग्रसित बालबालिकाको १००% उपचार दर कायम गरिएको छ। त्यसैगरी, झाडापखालाबाट पीडित ९७% बालबालिकालाई जिंक चक्की र जीवनजल (ORS) मार्फत प्रभावकारी उपचार प्रदान गरिएको छ।

**घ. डिजिटल सुशासन तथा सूचना प्रविधि**

गाउँपालिकाले मुख्य प्रशासनिक कार्यालय, ८ वटै वडा कार्यालय र सबै स्वास्थ्य चौकीहरूमा बायोमेट्रिक विद्युतीय हाजिरी प्रणाली पूर्ण रूपमा लागू गरेको छ।

# खण्ड ३: शाखागत प्रगति विवरण

## ३.१ प्रशासन शाखा

यस शाखाले कार्यविभाजन नियमावली बमोजिम प्रशासनिक अभिलेख व्यवस्थापन, जनशक्ति परिचालन, बैठक व्यवस्थापन र समन्वयको मुख्य कार्य गर्दछ।

**क. गाउँपालिकाको स्वीकृत दरबन्दी तथा पदपूर्ति स्थिति**

चैत्र मसान्तसम्म गाउँपालिका अन्तर्गतका विभिन्न शाखा तथा स्वास्थ्य चौकीहरूमा स्वीकृत दरबन्दी र कार्यरत जनशक्तिको विवरण निम्न बमोजिम रहेको छः

| क्र.स | पद | तह | सेवा/समूह | दरबन्दी | पदपूर्ति | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | करार | | |
| प्रशासन शाखा | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ | प्रशासन/सा.प्र | १ | - | - | १ | |
| २ | अधिकृत | ७/८ | प्रशासन/लेखा | १ | - | - | १ | |
| ३ | अधिकृत | ६ | प्रशासन/सा.प्र | २ | - | - | २ | |
| ४ | प्रशासन सहायक | ५ | प्रशासन/सा.प्र | ७ | ६ | - | १ | |
| ५ | आन्तरिक लेखापरीक्षक | ५ | प्रशासन/लेखा | १ | - | - | १ | |
| ६ | लेखा सहायक | ५ | प्रशासन/लेखा | १ | १ | - | - | |
| ७ | प्रशासन सहायक | ४ | प्रशासन/सा.प्र | ५ | - | - | ५ | |
| शिक्षा शाखा | | | | | | | | |
| ८ | अधिकृत | ७/८ | प्रशासन/शिक्षा | १ | १ | - | - | |
| ९ | प्रा.स | ५ | प्रशासन/शिक्षा | १ | १ | - | - | |
| पूर्वाधार शाखा | | | | | | | | |
| १० | ईन्जिनियर | ७/८ | इन्जि/सिभिल | १ | - | १ | - | |
| ११ | सब-ईन्जिनियर | ५ | इन्जि/सिभिल | ४ | २ | - | २ | |
| १२ | अ.सब-ईन्जिनियर | ४ | इन्जि/सिभिल | ६ | २ | २ | २ | |
| १३ | खा.पा.स.टे. | ४/५ | इन्जि/सिभिल/स्या | १ | १ | - | - | |
| सूचना प्रविधि शाखा | | | | | | | | |
| १४ | कम्प्युटर अपरेटर | ५ | विविध | १ | - | - | १ | |
| महिला तथा बालबालिका शाखा | | | | | | | | |
| १५ | स.महिला विकास निरिक्षक | ४ | विवध | १ | - | - | १ | |
| कृषि तथा पशुपन्छी शाखा | | | | | | | | |
| १६ | अधिकृत | ७/८ | कृषि सेवा | १ | - | - | १ | |
| १७ | अधिकृत | ७/८ | कृषि/लापोडेडे | १ | - | - | १ | |
| १८ | प्रा.सहायक | ५ | कृषि सेवा | २ | - | - | २ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | प्रा.सहायक | ५ | कृषि/भेट | १ | - | - | १ | |
| २० | प्रा.सहायक | ५ | कृषि/लापोडेडे | २ | - | - | २ | |
| २१ | प्रा.सहायक | ४ | कृषि/भेट | २ | - | २ | - | |
| २२ | प्रा.सहायक | ४ | कृषि/लापोडेडे | २ | - | २ | - | |
| २३ | प्रा.सहायक | ४ | कृषि सेवा | १ | - | १ | - | |
| स्वास्थ्य शाखा | | | | | | | | |
| २४ | अधिकृत | ६ | स्वा.से/हेल्थ इन | १ | १ | - | - | |
| २५ | अधिकृत | ६ | क.न / ज.न | १ | १ | - | - | |
| २६ | हे.अ | ५/६ | स्वा.से/हेल्थ इन | १ | - | - | १ | |
| स्वास्थ्य चौकी तर्फ | | | | | | | | |
| २७ | अधिकृत | ६ | स्वा.से/हेल्थ इन | १ | २ | - | ६ | जम्मा ८ वटा स्वास्थ्य चौकी मा ५ जना कर्मचारी रहने गरी जम्मा ५*८ =४० जना |
| २८ | सहायक | ५ | स्वा.से/हेल्थ इन | १ | ४ | ४ | - | |
| २९ | सहायक | ५ | स्वा.से/ क.न | १ | ५ | - | ३ | |
| ३० | सहायक | ४ | स्वा.से/हेल्थ इन | १ | ८ | - | - | |
| ३१ | सहायक | ४ | स्वा.से/ क.न | १ | १ | ६ | - | |
| स्वास्थ्य चौकी जम्मा दरबन्दी संख्या | | | | ५*८ =४० जना | २० | १० | १० | |
| गाउँपालिका जम्मा स्वीकृत दरबन्दी | | | | ८९ | ३६ | १८ | ३५ | |

**ख. विभिन्न कार्यक्रम मार्फत पदपूर्ति (थप जनशक्ति)**

नियमित दरबन्दी बाहेक विभिन्न संघीय तथा विशेष कार्यक्रम सञ्चालनका लागि कार्यरत जनशक्ति विवरणः

| कार्यक्रम/सेवा | कार्यरत संख्या |
|---|---|
| सूचना प्रविधि | १ जना |
| रोजगार सेवा | १ जना |
| न्यायिक समिति | १ जना |

| | |
|---|---|
| सामाजिक सुरक्षा तथा पञ्जीकरण | २ जना |
| पोषण कार्यक्रम | १ जना |
| सामाजिक परिचालक | १ जना |

### ग. गाउँपालिकाको आन्तरिक दरबन्दी तथा ज्यालादारी जनशक्ति विवरण

नियमित स्वीकृत दरबन्दी बाहेक पालिकाको आन्तरिक स्रोत र आवश्यकता बमोजिम परिचालन गरिएका कर्मचारीहरूको विवरण निम्न बमोजिम रहेको छः

| क्र.स. | सेवा / क्षेत्र | कार्यरत जनशक्ति संख्या |
|---|---|---|
| १ | प्राविधिक तर्फ (सूचना प्रविधि १, महिला विकास १) | २ जना |
| २ | स्वास्थ्य सेवा तर्फ (मेडिकल अधिकृत १, ल्याब १, अनमी १०, अहेव ३) | १५ जना |
| ३ | वडा कार्यालय तर्फ (कार्यालय सहायक) | ८ जना |
| ४ | कार्यालय सहयोगी (पालिका र सबै स्वास्थ्य ईकाईमा कार्यरत) | २४ जना |
| ५ | सवारी चालक | ५ जना |
| ६ | दैनिक ज्यालादारी (विभिन्न क्षेत्रमा कार्यरत) | ४ जना |
| | जम्मा आन्तरिक तथा ज्यालादारी जनशक्ति | ५८ जना* |

### घ. चैत्र मसान्तसम्म सम्पादन गरिएका प्रमुख प्रशासनिक कार्यहरू

आर्थिक वर्ष २०८२/८३ को साउनदेखि चैत्र मसान्तसम्मको अवधिमा प्रशासन शाखाबाट सम्पादन भएका मुख्य कार्यहरूको परिमाणात्मक विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | सम्पादन गरिएका कार्यहरू | इकाई/संख्या |
|---|---|---|
| १ | गाउँ कार्यपालिका बैठक | ३ पटक |
| २ | गाउँसभा अधिवेशन | २ पटक |
| ३ | चिठीपत्र दर्ता | ८८२ |

| | | |
|---|---|---|
| ४ | चिठीपत्र चलानी | १३६६ |
| ५ | सेवा करार कर्मचारी विज्ञापन | १७ वटा |
| ६ | कर्मचारी बैठक | ३ पटक |

### ङ. संस्था, व्यवसाय तथा उपभोक्ता समिति दर्ता एवं नवीकरण विवरण

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म विगु गाउँपालिकामा विभिन्न व्यवसाय, संघसंस्था र उपभोक्ता समितिहरूको दर्ता तथा नवीकरणको अवस्था निम्न बमोजिम रहेको छः

| क्र.सं. | विवरण (संघसंस्था/व्यवसाय/समिति) | आ.व. ८२/८३ मा दर्ता | हालसम्मको कुल दर्ता | चैत्रसम्म नवीकरण संख्या |
|---|---|---|---|---|
| १ | व्यवसाय दर्ता | ३० | ३६ | १ |
| २ | खानेपानी तथा जलस्रोत उ.स. दर्ता | ३ | १३ | ८ |
| ३ | संस्था दर्ता | ७ | १८ | २ |
| ४ | 'घ' वर्ग इजाजत कम्पनी दर्ता | ६ | ३५ | २३ |
| ५ | स्वास्थ्य आमा समूह | ० | १ | - |
| | जम्मा | ४६ | १०३ | ३४ |

### च. सवारी साधन (मोटरसाइकल) व्यवस्थापन तथा भौतिक अवस्था

विगु गाउँपालिकाको जिन्सी स्रेस्तामा रहेका सवारी साधनहरूको इन्जिन र चेसिस नम्बर सहितको अद्यावधिक विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | सवारी साधनको विवरण (Brand/CC) | नम्बर प्लेट | इन्जिन र चेसिस नम्बर (Engine / Chassis No.) | प्रयोगकर्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | बजाज पल्सर १५० | बा २ ब ७९०४ | - | राजु थामी | |
| २ | बजाज पल्सर १५० | बा २ ब ७९०७ | - | - | विवरण अप्राप्त |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | बजाज पल्सर १५० | बा २ ब ७९०९ | - | दिपेश के.सी. | |
| ४ | बजाज पल्सर १५० | बा २ ब ७९०६ | E: DHYWHC९१०२१ / C: MD२AHCY९HWC३३८६० | सुजन नेपाली | |
| ५ | बजाज पल्सर २२० | बा २ ब ७९०५ | E: DKYCHL९६२८० / C: MD२A१३EY८HCL१७९८३ | रविन बुढाथोकी | |
| ६ | होण्डा हर्नेट १६० | लु ३१ प २४३८ | - | पर्मराज जोशी | ब्लुबुक नभएको |
| ७ | होण्डा ट्रिगर १५० | बा ७६ प ५४३६ | - | रमेश मल्ल | ब्लुबुक नभएको |
| ८ | बजाज पल्सर १५० | बा २ ब ७१५२ | E: DHYWHB८५१८९ / C: MD२AHCY११HWB२९३३२ | विवश शिवाकोटी | |
| ९ | बजाज पल्सर २२० | बा २ ब ७९०३ | E: DKYCHE४३२६२ / C: MD२A१३EY३HCE५४२३५ | रोशन वि.क. | |
| १० | होण्डा साइन १२५ | बा ८१ प ८६९८ | - | लिला ब. थामी | वडा नं. ७ सचिव |
| ११ | १५० सिसि एक्स आर | बा ९० प ३३११ | E: K००७E-२२१२६३८ / C: LTMK००७९६JS२०४१४८ | प्रल्हाद ओली | ब्लुबुक नभएको |
| १२ | बजाज डिस्कभर १२५ | बा ५० प ८६९२ | - | राजन बस्नेत | जि.स.स बाट प्राप्त |
| १३ | होण्डा एक्स एल | बा १ ब ४३२४ | - | - | जि.स.स बाट प्राप्त |
| १४ | यामाहा FZ-२५ | बा.प्र.०२-००१ब ३१३१ | E: G३H७E०१०१९५० / C: ME१RG४२६AK०००९१३४ | रत्न ब. थामी | |
| १५ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-००१ब ३१३४ | E: MC२०AELGJ०००२३५ / C: MBLLDL०१XLGJ०००३४१ | देव ब. तामाङ | सेतो (White) |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-००१ब ३१३२ | E: MC२०AELGJ००३५५ / C: MBLLDL०१९LGJ००४३० | डुलु तामाङ | कालो (Black) |
| १७ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-००१ब ३१३३ | E: MC२०AELGJ०११९६ / C: MBLLDL०१२LGJ०१२४२ | लाक्पा गेली शेर्पा | रातो (Red) |
| १८ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०२४प ५७०० | E: MC२०AEMGB००३७९ / C: MBLLDL०११MGB००२७८ | दिपक ठकुरी | वडा २ अध्यक्ष |
| १९ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०३३प ५७०१ | E: MC२०AEMGL००१३१ / C: MBLLDL०१०MGL००१२८ | काले शेर्पा | वडा ५ अध्यक्ष |
| २० | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०२४प ५७०२ | E: MC२०AEMGB००३८४ / C: MBLLDL०१९MGB००२७१ | मेम ब. तामाङ | वडा १ अध्यक्ष |
| २१ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०३३प ५७०३ | E: MC२०AEMGK०११८७ / C: MBLLDL०१५MGL०००१३ | टहल ब. थामी | |
| २२ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०२४प ५७०४ | E: MC२०AEMGB००४३० / C: MBLLDL०१२MGB००३०६ | शिवजी खड्का | |
| २३ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०२५प !#$^ | E: MC२०AEMGC००१६४ / C: MBLLDL०१XGC००३०१ | गणेश श्रेष्ठ | हरियो (Green) |
| २४ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०३३प @)&$ | E: MC२०AEMGK०११५२ / C: MBLLDL०१३MGL०००२६ | रामचन्द्र खड्का | |
| २५ | हिरो एक्स पल्स २०० | बा.प्र.०२-०३३प @)*# | E: MC२०AEMGK०११८५ / C: MBLLDL०१८MGL०००३७ | दल ब. श्रेष्ठ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २६ | टि.भी.एस. अपाचे | बा.प्र.०२-०१ब ६४८३ | - | प्रकाश थामी | |

## छ. चारपाङ्ग्रे तथा हेभी इक्विपमेन्ट (सवारी साधन) व्यवस्थापन विवरण

पालिकाको दैनिक प्रशासनिक कार्य, आकस्मिक स्वास्थ्य सेवा र पूर्वाधार विकासका लागि परिचालन गरिएका चारपाङ्ग्रे तथा अन्य सवारी साधनहरूको विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | सवारी साधनको प्रकार | सवारी नम्बर | चालकको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष सवारी (Scorpio/Jeep) | ३३८९ | प्रल्हाद ओली | |
| २ | उपाध्यक्ष सवारी (Scorpio/Jeep) | ३३९० | विनोद थामी | |
| ३ | एम्बुलेन्स (Ambulance) | ४५३८ | रविन्द्र उप्रेती | |
| ४ | एम्बुलेन्स (Ambulance) | ५५४१ | लुङ्गु लामा | |
| ५ | कृषि वाहन (Agro-Vehicle) | ७२२२ | चित्र बहादुर ओली | |
| ६ | जे.सी.बी. (JCB) | ३१२१ | प्रदिप उप्रेती | |
| ७ | ब्याहोलोडर (Backhoe Loader) | ३१२० | विनोद उप्रेती | |
| ८ | टिपर (Tipper) | ३१७७ | रमेश मल्ल ठकुरी | |

## ज. विभिन्न शाखा तथा कार्यक्रमका सम्पर्क व्यक्ति सम्बन्धी विवरण

पालिकाको सेवा प्रवाहलाई थप विशिष्टीकृत र प्रभावकारी बनाउन विभिन्न कार्यक्रम तथा क्षेत्रहरूमा तोकिएका जिम्मेवार अधिकारीहरूको विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | कार्यक्रम / क्षेत्र | सम्पर्क व्यक्ति |
|---|---|---|
| १ | विपद् व्यवस्थापन | डुलु तामाङ |
| २ | उद्यम विकास | बसुना ओली |
| ३ | रोजगार कार्यक्रम | प्रकाश थामी |

| | | |
|---|---|---|
| ४ | सहकारी शाखा | दिलमाया शाह |
| ५ | स्थानिय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालि | प्रकाश थामी |

**झ. आपतकालीन सम्पर्क तथा समन्वय विवरण**

विपद् व्यवस्थापन तथा आकस्मिक सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकाले निम्न राष्ट्रिय आपतकालीन नम्बरहरूसँग समन्वय गरी सेवा प्रवाह गरिरहेको छः

| क्र.सं. | सेवा प्रदायक निकाय | आपतकालीन नम्बर |
|---|---|---|
| १ | नेपाल प्रहरी (शान्ति सुरक्षा) | १०० |
| २ | ट्राफिक प्रहरी (सडक सुरक्षा) | १०३ |
| ३ | सशस्त्र प्रहरी बल | ११४४ |
| ४ | विपद् उद्धार (आकस्मिक उद्धार) | ११४९ |
| ५ | मौसम तथा बाढी सूचना | ११५५ |

## ३.२ आर्थिक प्रशासन शाखा

यस शाखाले कार्यविभाजन नियमावली बमोजिम पालिकाको बजेट तर्जुमा, खर्च व्यवस्थापन, आन्तरिक राजस्व संकलन र वित्तीय प्रतिवेदन तयार गर्ने मुख्य कार्य गर्दछ।

**क. बजेट तथा कार्यक्रम कार्यान्वयनको विस्तृत अवस्था (चैत्र मसान्तसम्म)**

| **विवरण** | **वार्षिक विनियोजन (रु.)** | **चैत्र सम्मको खर्च (रु.)** | **प्रगति (%)** |
|---|---|---|---|
| चालू खर्च | ४९,७९,४३,९५२ | १८,३८,९०,२१५ | ४६.२१ |
| पुँजीगत खर्च | ३०,९०,५५,३७३ | २,९८,९८,१७३ | ९.६७ |
| कुल जम्मा | ७०,६९,९९,३२५.८५ | २१,३७,८८,३८९.२८ | ३०.२३ |

**ख. राजस्व संकलनको अवस्थाः**

| आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/१२/३० |
|---|

| क्र.सं | संकेत | राजस्व संकलन गर्ने कार्यालय | जम्मा संकलन | बैंक मौज्दात | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४७ | विगु गाँउपालिका स्वास्थ सेवा केन्द्र | २,१३,४५०.०० | २,०४,८००.०० | |
| २ | ८०३२३५० ५३०० | विगु गाउँपालिका, दोलखा | १०,७४,८१५.२५ | १०,७४,८१५.२५ | |
| ३ | ८०३२३५० ५३०१ | विगु गाउँपालिका,१ नं. वडा कार्यालय, दोलखा | ४,७१,००४.९९ | ४,४४,११०.०३ | |
| ४ | ८०३२३५० ५३०२ | विगु गाउँपालिका,२ नं. वडा कार्यालय, दोलखा | १,३७,८०१.९४ | ५२,९१२.६३ | |
| ५ | ८०३२३५० ५३०३ | विगु गाउँपालिका,३ नं. वडा कार्यालय, दोलखा | ३,०८,६३३.९८ | ३,००,९०३.८१ | |
| ६ | ८०३२३५० ५३०४ | विगु गाउँपालिका,४ नं. वडा कार्यालय, दोलखा | ४,३८,०४९.२२ | ४,०७,१६७.१६ | |
| ७ | ८०३२३५० ५३०५ | विगु गाउँपालिका,५ नं. वडा कार्यालय, दोलखा | ३,१८,३४१.७५ | ३,१०,२७५.०२ | |
| ८ | ८०३२३५० ५३०६ | विगु गाउँपालिका,६ नं. वडा कार्यालय, दोलखा | ५,५२,१६७.१४ | ४,८०,९६४.९२ | |
| ९ | ८०३२३५० ५३०७ | विगु गाउँपालिका,७ नं. वडा कार्यालय, दोलखा | २,०१,७७९.५६ | १,९५,५४०.२१ | |
| १० | ८०३२३५० ५३०८ | विगु गाउँपालिका,८ नं. वडा कार्यालय, दोलखा | १,५७,९२६.५७ | १,३९,१६०.९९ | |
| जम्मा | | | ३८,७३,९७०.४० | ३६,१०,६५०.०२ | |

### ङ. आन्तरिक राजस्व संकलनको शीर्षकगत सारांश

| आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/१२/३० | | | | |
|---|---|---|---|---|
| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | रकम | कैफियत |
| १ | ११३१३ | सम्पती कर | १,१३६.७७ | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ६,०६,६३८.३७ | |
| ३ | ११३१७ | वहाल कर | ३,५९,०३२.०० | |
| ४ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ४४,७००.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०,१६,५४९.१९ | |
| ६ | ११६९१ | अन्य कर | २,४४,२५०.०० | |
| ७ | १४११२ | व्यापारिक निकायबाट प्राप्त ब्याज | ६,०००.०० | |
| ८ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३,७४,४००.०० | |
| ९ | १४२१८ | विद्युत सेवा शुल्क | २००.०० | |
| १० | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | |
| ११ | १४२२४ | परीक्षा शुल्क | १,०६,९००.०० | |
| १२ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,६५,०००.०० | |
| १३ | १४२४३ | सिफारिश दस्तुर | ५,२५,७००.३८ | |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १५,३००.०० | |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | १,८००.०० | |
| १६ | १४२४९ | अन्य दस्तुर | ५१,३१०.९९ | |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५,९००.०० | |
| १८ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | १,३००.०० | |
| १९ | १४२६५ | अन्य क्षेत्रको आय | ३४,०००.९५ | |
| २० | १४५२९ | अन्य राजस्व | १,४४,४०८.७५ | |
| २१ | १४६११ | व्यवसाय कर | ९८,५००.०० | |
| २२ | १५१११ | बेरूजू | ४,९००.०० | |
| जम्मा | | | ३८,२७,९२७.४० | |

## ३.३ योजना शाखा

**क. योजना कार्यान्वयनको समग्र स्थिति (चैत्र मसान्तसम्म)**

चालू आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजित कुल योजनाहरूको कार्यान्वयन अवस्था निम्न बमोजिम रहेको छः

- कुल स्वीकृत योजनाः ३६८ वटा
- सम्झौता भएका योजनाः १७२ वटा (४६.७३%)
- सम्पन्न भएका योजनाः १५ वटा
- सम्झौता हुन बाँकी योजनाः १९६ वटा





**ख. वडागत योजनाको प्रगति विवरण**

विगु गाउँपालिकाका ८ वटै वडा र पालिका स्तरीय योजनाहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छः

| वडा नं. | कुल योजना संख्या | सम्झौता भएको संख्या | सम्पन्न योजना | सम्झौता हुन बाँकी |
|---|---|---|---|---|
| १ | १५ | ८ | १ | ७ |
| २ | २५ | १६ | ३ | ९ |
| ३ | १० | ९ | १ | १ |
| ४ | १८ | ९ | १ | ९ |
| ५ | १६ | १६ | २ | ० |
| ६ | १२ | ७ | १ | ५ |
| ७ | १३ | ११ | १ | २ |
| ८ | १५ | १२ | १ | ३ |
| अन्य (पालिका/सशर्त) | २४४ | ८४ | ४ | १६० |
| जम्मा | ३६८ | १७२ | १५ | |

## ३.४ पूर्वाधार विकास शाखा

यस शाखाले गाउँपालिकाका भौतिक निर्माण, प्राविधिक सुपरिवेक्षण र पूर्वाधारका लक्ष्यहरू हासिल गर्ने जिम्मेवारी वहन गर्दछ।

**क. भौतिक प्रगति विवरण (परिमाणात्मक):**

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म विगु गाउँपालिकामा पूर्वाधारका विभिन्न क्षेत्रमा हासिल भएका वास्तविक भौतिक उपलब्धिहरू निम्न बमोजिम रहेका छन्:

| क.सं. | भौतिक पूर्वाधारको विवरण | इकाई | प्रगति (परिणाम) | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | सडक कालोपत्रे | मिटर | - | |
| २ | सडक ग्राभेलिङ तथा सोलिङ | मिटर | ५०० | निर्माण प्रकृयामा |
| ३ | बाटो ढलान (PCC/RCC) | मिटर | - | |
| ४ | सामुदायीक भवन | वटा | २ | निर्माण प्रकृयामा |
| ५ | खानेपानी आयोजनाहरू (मर्मत तथा निर्माण) | वटा | ३२ | मुल्याङ्कण प्रकृयामा |
| ६. | गोरेटो बाटो | मिटर | - | निर्माण प्रकृयामा |

**ख. विगु गाउँपालिकाः योजना प्रगति सारांश तालिका**

| वडा नं. | कुल योजना संख्या | विनियोजित बजेट (अनुमानित) | सम्झौता भएको/नभएको अवस्था | मुख्य कार्य प्रगति |
|---|---|---|---|---|
| वडा नं. १ | २८ | रु. ४,८७,५०,००० + | धेरै जसो सम्झौता भएको | लामाबगर पहिरो नियन्त्रण (१००%), SEE केन्द्र (९५%) |
| वडा नं. २ | ३९ | रु. २,४८,८८,९५५ + | केही बाँकी, धेरै प्रक्रियामा | सडक मर्मत र स्तरोन्नतीमा जोड |
| वडा नं. ३ | २८ | रु. १,६७,७७,३९६ + | प्रायः सबै सम्झौता भएको | जमुने भिरमुनी सडक (१००%), शारदा मावि (१००%) |
| वडा नं. ४ | ४० | रु. १,६५,००,००० + | केही "नभएको" अवस्थामा | घडेरी चिसापानी र सडक सरसफाई (१००%) |
| वडा नं. ५ | ३२ | रु. १,८०,६४,०८५ + | केही महत्वपूर्ण योजना बाँकी | सडक र पर्यटन पदमार्गमा केन्द्रित |
| वडा नं. ६ | २२ | रु. ३,७८,९०,००० + | धेरै जसो सम्पन्न वा ७०%+ | रेशम डाँडा कुलो र स्कुल क्यान्टिन (१००%) |

| | | | | |
|---|---|---|---|---|
| वडा नं. ७ | १९ | रु. १,०३,००,००० + | केही शीर्षक परिवर्तन गर्नुपर्ने | सडक सोलिङ र कुलो निर्माणमा जोड |
| वडा नं. ८ | २६ | रु. २,४४,७०,००० + | केही जग्गा विवाद/शीर्षक परिवर्तन | |

## ३.५ शिक्षा, युवा तथा खेलकुद शाखा

यस शाखाले गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार विकास र शैक्षिक प्रशासन व्यवस्थापनको कार्य गर्दछ।

**क. शिक्षा शाखाः वित्तीय प्रगति विवरण (संघीय, प्रदेश र स्थानीय अनुदान)**

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म विगु गाउँपालिका अन्तर्गत शिक्षा क्षेत्रमा प्राप्त विभिन्न स्रोतका अनुदान तथा सोको खर्चको एकीकृत अवस्था निम्न तालिकामा देखाइएको छः

| क्र.सं. | बजेट शीर्षक | बजेट स्रोत | बजेट (रु.) | खर्च (रु.) | खर्च % |
|---|---|---|---|---|---|
| १ | आधारभूत तहका शिक्षक तथा राहत अनुदान त.भ. अनुदान | संघीय | ९,३५,००,००० | ६,६३,११,३९३ | ७०.९ |
| २ | आधारभूत (६-८) अंग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग | संघीय | १८,४६,००० | १५,६६,१९० | ८४.८ |
| ३ | बाल विकास सहजकर्ता पारिश्रमिक तथा विद्यालय कर्मचारी अनुदान | संघीय | १,२१,७१,००० | ९३,९२,९३३ | ७७.० |
| ४ | माध्यमिक (९-१०) अंग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग | संघीय | १,०४,०३,००० | ७४,६२,९९४ | ७१.७ |
| ५ | मावि शिक्षक त.भ. तथा प्राविधिक प्रशिक्षक अनुदान | संघीय | १,५४,००,००० | १,२७,००,६३० | ८२.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय/मातृभाषा समेत) | संघीय | २३,६३,००० | १३,७०,४९० | ५८.० |
| ७ | सुशासन, क्षमता विकास, मूल्याङ्कन तथा सुपरीवेक्षण | संघीय | १०,९९,००० | ३,७८,००० | ३४.४ |
| ८ | विद्यार्थी दिवा खाजा अनुदान | संघीय | ७४,२१,००० | ४३,६०,००० | ५८.८ |
| ९ | शिक्षण सिकाइ तथा डिजिटल सामग्री व्यवस्थापन अनुदान | संघीय | ७,९१,००० | ७,१६,००० | ९०.६ |
| १० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | संघीय | २४,२५,००० | १९,०२,००० | ७८.४ |
| ११ | शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादन प्रोत्साहन | संघीय | २५,००,००० | ० | ०.० |
| १२ | वैकल्पिक शिक्षा तथा साक्षरता कार्यक्रम | संघीय | २२,५०,००० | ६,००,००० | २६.७ |
| १३ | सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानिटरी प्याड | संघीय | ८,३८,००० | ० | ०.० |
| १४ | विपन्न लक्षित छात्रवृति (कक्षा ६-१२) | संघीय | ६,९३,००० | ० | ०.० |
| १५ | आवासीय तथा गैर आवासीय छात्रवृत्ति | संघीय | १८,२७,००० | ० | ०.० |
| १६ | प्रारम्भिक बालबिकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी थप तलबभत्ता व्यवस्थापन अनदान | स्थानीय | ४२,५०,५०० | १७,५९,८२४ | ४१.४ |
| १७ | राष्ट्रपति रनिङ शिल्ड (जिल्ला र पालिका स्तरीय) | स्थानीय | १२,००,००० | १२,००,००० | १००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | विद्यालयस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन | स्थानीय | ५,००,००० | ४,६९,१७६ | ९४.० |
| १९ | कक्षा ५ र ८ को परीक्षा सञ्चालन तथा भ्रमण खर्च | स्थानीय | ५,००,००० | ४,०३,३२३ | ८०.७ |
| २० | आवासीय विद्यालय सञ्चालन तथा छात्रावास विकास | स्थानीय | ६०,००,००० | ० | ०.० |
| २१ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | प्रदेश | १७,०४,००० | ९,१७,४६९ | ५३.८ |
| | कुल जम्मा | | १६,९६,८१,५०० | | |

## ३.६ स्वास्थ्य शाखा

यस शाखाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूको व्यवस्थापन, आधारभूत स्वास्थ्य सेवा, खोप कार्यक्रम र मातृशिशु स्वास्थ्य सम्बन्धी कार्यहरू सम्पादन गर्दछ।

**क. स्थानीय तह भित्र सञ्चालित सेवा प्रदायक निकायको विवरण**

| सि. नं. | संस्थाहरुको विवरण | संख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | ० |
| २ | मेडिकल कलेज/स्वास्थ्य प्रतिष्ठान | ० |
| ३ | निजी अस्पताल | ० |
| ४ | प्राथमिक स्वास्थ्य केन्द्र | ० |
| ५ | स्वास्थ्य चौकी | ८ |
| ६ | आयुर्वेद अस्पताल/औषधालय | ० |
| ७ | शहरी स्वास्थ्य केन्द्र | ० |

| | | |
|---|---|---|
| ८ | सामुदायिक स्वास्थ्य इकाई | ३ |
| ९ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | १ |
| १० | बर्थिङ सेन्टर | ९ |
| ११ | क्षयरोग माइक्रोसोकोपी सेन्टर | १ |
| १२ | OTC सेन्टर | ३ |
| १३ | सुरक्षित गर्भपतन साइट (MA/MVA/२nd tri) | ०/ १/० |
| १४ | DOTs सेन्टर/DR Sub सेन्टर | ८/० |
| १५ | निजी अस्पताल/क्लिनिक/पोलिक्लिनिक | ० |
| १६ | नविकरण गरेका निजी अस्पताल/क्लिनिक/पोलिक्लिनिक | ० |
| १७ | किशोर किशोरी मैत्री स्वास्थ्य संस्था | १ |
| १८ | गाँउघर क्लिनिक | १८ |
| १९ | खोप क्लिनिक | २१ |
| २० | महिला स्वास्थ्य स्वयं सेविका (FG) | ० |
| २१ | महिला स्वास्थ्य स्वयं सेविका (LLG) | १३१ |
| २२ | एम्बुलेन्स सेवा (न्यूनतम ख वर्ग) | १ |
| २३ | एम्बुलेन्समा GPS जडान भएको | |
| २४ | विद्यालय नर्सको संख्या | |

**ख. खोप कभरेज विवरण तालिका (%)**

| खोपको नाम | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | लक्ष्य |
|---|---|---|---|---|
| BCG | ६४ | ७६ | ४४ | ९५ |

| | | | | |
|---|---|---|---|---|
| Rota १st | ७६ | ७९ | ५१ | ९५ |
| OPV १st | ७५ | ७९ | ५१ | ९५ |
| PCV १st | ७६ | ७९ | ५१ | ९५ |
| DPT-HepB-Hib १st | ८२ | ७८ | ५१ | ९५ |
| DPT-HepB-Hib ३rd | ९० | ७३ | ४९ | ९५ |
| FIPV २ | ८७ | ७२ | ५३ | ९५ |
| PCV ३rd | ९० | ७३ | ५१ | ९५ |
| MR २nd | १०१ | ८३ | ०* | ९५ |
| TCV | १०१ | ८४ | ० | ९५ |
| JE | ९७ | ७९ | ० | ९५ |
| Td १ and २ | ७३ | ६० | ७० | ९५ |

## ग. खोप खेर जाने दर विवरण तालिका (%)

| खोपको नाम | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| BCG | ९० | ९० | ८९ |
| DPT-Hep B-Hib | ४५ | ४७ | ४६ |
| OPV | ४८ | ४८ | ४७ |
| PCV | २३ | २० | २४ |
| FIPV | ४५ | ५१ | ४६ |
| MR | ६९ | ७१ | ७३ |
| JE | ६१ | ६१ | ६५ |
| Td | ६३ | ६४ | ६१ |

घ. ५ वर्ष मुनिका बालबालिकामा सिघ्र श्वासप्रश्वास संक्रमण (ARI) तथा निमोनियाको संक्रमण दर (प्रति १००० बालबालिकामा)

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| ARI | ९२ | ९१ | ९६ |
| Pneumonia | २०८ | १६४ | ९१ |

ङ. निमोनियाको उपचार दर

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| Pneumonia Treatment Rate | १०० | १०० | १०० |

च. ५ वर्ष मुनिका बालबालिकामा पखालाको रोगदर (प्रति १००० बालबालिकामा)

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| Diarrhoea | ९० | ९० | ७० |
| Severe Diarrhoea | ० | ० | ० |

छ. **Diarrhoea** को उपचारको अवस्था

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
|---|---|---|---|
| % of children treated with zinc and ORS | ९५ | १०० | ९७ |
| % of children treated with IV fluid | ०.२ | ०.५ | ०.६ |

### ज. वृद्धि अनुगमनका लागि दर्ता भएका ०-२३ महिना उमेर समूहका बालबालिकाको औसत भ्रमण

| आर्थिक वर्ष | औसत भ्रमण (Average Visit) |
|---|---|
| २०८०/८१ | १०.४४ |
| २०८१/८२ | १६.०९* |
| २०८२/८३ | १६.०९* |

### झ. वृद्धि अनुगमनका लागि दर्ता भएका ०-२३ महिनाका बच्चाहरू मध्येका कमतौल भएका नयाँ बच्चाको (%)

| आर्थिक वर्ष | कमतौल भएका नयाँ बच्चा (%) |
|---|---|
| २०८०/८१ | ०.२८ |
| २०८१/८२ | ०.०९ |
| २०८२/८३ | ०.१ |

### ञ. एकीकृत जनस्वास्थ्य र पोषण तथा विशेषज्ञ शिविर लगायत अन्य अभियान तथा शिविर

| क्र.स | अभियान तथा शिविरका नामहरु | सम्पन्न भएको/नभएको | सेवाग्राहीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | Eye Camp Loting | २०८२/०८३ | ५९० | ११२ आई अपरेशन |

### ट. एक विद्यालय एक नर्स कार्यक्रम कार्यक्रम संचालन भएका विद्यालय र सेवाको विवरण

| स्थानीय तह | मा. वि.को संख्या | विद्यालय नर्सको संख्या | सेवा प्रदान गरिएको जम्मा संख्या | स्वास्थ्य संस्थामा प्रेषण गरेको संख्या |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| विगु गा.पा. | ११ | ३ | ३ | |

## ३.७ कृषि तथा पशु सेवा शाखा

यस शाखाले कृषि उत्पादन वृद्धि र पशुपन्छी प्रवर्द्धनका लागि लागत साझेदारीमा आधारित विभिन्न आयोजनाहरू सञ्चालन गरिरहेको छ।

**क. कृषि तर्फका कार्यक्रमहरूको कार्यान्वयन स्थितिः**

चैत्र मसान्तसम्म कृषि तर्फ विनियोजित प्रमुख कार्यक्रम र तिनको अवस्था निम्न बमोजिम रहेको छः

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | विनियोजित बजेट | सम्झौता अवस्था | भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | लागाङ लुलीखेत तरकारी खेती | १०,००,००० | नभएको | नभएको | ७५/२५ लागत साझेदारीमा गर्न सकिने |
| २ | कृषि प्रोत्साहन तथा अनुदान | ६०,००,००० | नभएको | नभएको | कार्यविधि नभएको |
| ३ | अगुवा किसान सहायता | २,००,००० | नभएको | नभएको | कार्यविधि तयार हुँदै |
| ४ | फलफूल खेती प्रबर्धन (विगु ८) | ८,००,००० | नभएको | नभएको | - |
| ५ | पकेट क्षेत्र विकास कार्यक्रम | ५०,००,००० | नभएको | नभएको | कार्यविधि नभएको |
| ६ | आलु विउ उत्पादन (वडा २) | ३,००,००० | भएको | नभएको | कार्यविधि नभएको |
| ७ | रैथाने बाली प्रबर्धन कार्यक्रम | ५,००,००० | नभएको | नभएको | कार्यविधि नभएको |
| ८ | पकेट विकास निरन्तरता | ६,००,००० | नभएको | नभएको | फलफुल विरुवा वितरण गर्न उपयुक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | कृषि/पशु तथ्याङ्क अध्यावधिक | ३०,००० | नभएको | नभएको | कार्यविधि भएको |
| १० | किसान सुचिकरण कार्यक्रम | २,९८,००० | नभएको | नभएको | सफ्टवयर मर्मत हुँदै |
| ११ | आलु विउ उत्पादन (संघीय) | ९,००,००० | नभएको | नभएको | कृषकलाई सामाग्री प्रदान गर्न सकिने |
| | जम्मा | १,५६,२८,००० | | | |

**ख. पशु सेवा तर्फका कार्यक्रमहरूको कार्यान्वयन स्थितिः**

पशुजन्य उत्पादन वृद्धि र नक्ष सुधारका लागि सञ्चालित लागत साझेदारी कार्यक्रमहरूको विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | विनियोजित बजेट | सम्झौता अवस्था | अन्तिम भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| १ | इनायक कृषि समुह पशुपन्छि कार्यक्रम (विगु-८) | ४,००,००० | भएको | नभएको | ७५%/२५% साझेदारी |
| २ | उन्नत जानको गाई पालन कार्यक्रम (वडा नं.-६) | ५,००,००० | भएको | नभएको | ७५%/२५% साझेदारी |
| ३ | गुन्जोथोक पशुपालन कार्यक्रम (विगु-३) | ४,००,००० | भएको | नभएको | ७५%/२५% साझेदारी |
| ८ | पशुपन्छी विकास कार्यक्रम (वडा नं.-५ थामिटार) | ४,००,००० | भएको | नभएको | ७५%/२५% साझेदारी |
| १० | लागत साझेदारीमा चौरी प्रवर्धन कार्यक्रम | १५,००,००० | भएको | नभएको | ६०% प्रदेश, २०% पालि र २०% किसान |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | कृषि तथा पशुपन्छि फर्म ५०% अनुदान कार्यक्रम | ३,००,००० | भएको | नभएको | - |
| १४ | दुग्ध प्रोडक्ट संकलन केन्द्र | ५,००,००० | नभएको | नभएको | विगु गा.पा. लागत साझेदारी ७५/२५ |
| १५ | श्री चक्रेश्वरी मत्स्य फर्म (वडा नं.-५) | १,००,००० | भएको | नभएको | ७५/२५ बाट |
| १६ | उन्नत जानको बोका, राँगा, थुमा खरिद वितरण | ३,००,००० | भएको | भएको | ७५/२५ लागत साझेदारी |
| १७ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | ५०,००० | नभएको | नभएको | कार्यविधि भएको |
| १८ | पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण | ५०,००० | नभएको | नभएको | कार्यविधि भएको |
| | जम्मा | ८४,००,००० | | | |

## ३.८ न्यायिक समिति

नेपालको संविधानको धारा २१७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम गाउँपालिकाको अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गठित न्यायिक समितिको प्रगति विवरण निम्न बमोजिम रहेको छ।

**क. न्यायिक समितिको संरचना**

विगु गाउँपालिकाको गाउँसभाबाट गठित न्यायिक समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहनुभएको छः

| क.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | देविका थामी | संयोजक | विगु-८ | ९८४४३९५६५३ |
| २ | काले शेर्पा | सदस्य | विगु-५ | ९८४४२३८४३० |
| ३ | गोमा के.सी. | सदस्य | विगु-४ | ९८४४१९६३९६ |



विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा बागमती प्रदेश, नेपाल

**ख. चैत्र मसान्तसम्म सम्पादित क्रियाकलापहरू**

- नियमित प्रशासनिक कार्यः सेवाग्राहीलाई न्यायिक प्रक्रियामा सहजीकरण, निवेदन तथा फिराद पत्र तयारी र म्याद सूचना तामेली जस्ता दैनिक कार्यहरू सफलतापूर्वक सम्पादन गरिएको।
- मेलमिलाप केन्द्र व्यवस्थापनः स्थानीय सरकार सञ्चालन ऐनको दफा ४९(१०) बमोजिम ८ वटै वडामा मेलमिलाप केन्द्र स्थापना र व्यवस्थापनको प्रक्रिया अगाडि बढाइएको।
- क्षमता अभिवृद्धिः सूचीकृत मेलमिलापकर्ताहरूका लागि क्षमता अभिवृद्धि तथा अभिमुखीकरण तालिम सम्पन्न गरिएको।
- इजलास व्यवस्थापनः आ.व. २०८२/८३ मा हालसम्म न्यायिक समितिको १२ वटा बैठक तथा इजलास सम्पन्न भएका छन्।

**ग. उजुरी तथा विवाद निरूपणको अवस्था**

चैत्र मसान्तसम्म न्यायिक समितिमा प्राप्त उजुरीहरूको फछ्र्यौट स्थिति निम्न बमोजिम रहेको छः

| विवरण | जम्मा उजुरी संख्या | फछ्र्यौट/मिलापत्र | तामेलीमा रहेको | कैफियत |
|---|---|---|---|---|
| उजुरी संख्या | ६ | ५ | १ | |

**घ. वित्तीय प्रगति विवरण (न्यायिक समिति तर्फ):**

| क्र.सं. | कार्यक्रम / योजनाको नाम | विनियोजित बजेट (रु.) | प्रगति (%) | मुख्य उपलब्धि |
|---|---|---|---|---|
| १ | मेलमिलापकर्ता क्षमता अभिवृद्धि | २,२५,००० | १००% | ४ वटा वडामा २/२ दिवसीय तालिम सम्पन्न। |
| २ | मेलमिलापकर्ता सञ्चार खर्च वितरण | २,००,००० | १००% | मासिक रु. २०० का दरले सञ्चार खर्च वितरण। |
| ३ | विवाद समाधान प्रोत्साहन (खर्च) | १,५०,००० | ५०% | वडागत रूपमा विवाद समाधान जारी रहेको। |
| ४ | इजलास र बैठक खर्च | १,००,००० | ५०% | १२ वटा बैठक सम्पन्न। |
| ५ | कानुनी सल्लाहकार सेवा | २,००,००० | - | |

## ३.९ महिला तथा बालबालिका शाखा

यस शाखाले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको हक हित, संरक्षण र सशक्तिकरणका लागि विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

**क. चालू आ.व. २०८२/०८३ को कार्यक्रम तथा कार्ययोजनाः**

चैत्र मसान्तसम्म सम्पादन भएका र आगामी महिनाका लागि तय गरिएका मुख्य कार्यक्रमहरूको विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | कार्यक्रम / गतिविधि | उद्देश्य | बजेट (रु.) | प्रगति / अवस्था |
|---|---|---|---|---|
| १ | महिला सीप विकास तथा आयआर्जन | महिलाको आर्थिक सशक्तीकरण | ५,००,००० | बैशाखमा सञ्चालन हुने |
| २ | लैङ्गिक हिंसा विरुद्ध सामाजिक समावेशीकरण | हिंसा न्यूनीकरण तथा समावेशीकरण | १०,००,००० | जेष्ठ मसान्तसम्म सम्पन्न हुने |
| ३ | ज्येष्ठ नागरिक कार्यक्रम | ज्येष्ठ नागरिकको सम्मान र संरक्षण | ६,००,००० | वैशाख-जेष्ठमा सञ्चालन हुने |
| ४ | अपाङ्गता भएका व्यक्तिका लागि पुनर्स्थापना | जीवनस्तर सुधार | ३,००,००० | चैत्र २२-२५ मा सम्पन्न भएको |
| ५ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान | जनचेतना फैलाउनु | - | ३००+ सहभागी सहित सम्पन्न |
| ६ | बालबिवाह अन्त्यका लागि समुदाय परिचालन | बालबिवाह रोकथाम | - | फाल्गुन २७-२९ मा सम्पन्न |
| ७ | अन्तर्राष्ट्रिय नारी दिवस | महिला अधिकार र समानता प्रवर्द्धन | - | सम्पन्न |

## ३.१० सूचना प्रविधि शाखा

यस शाखाले गाउँपालिकाको डिजिटल पूर्वाधार व्यवस्थापन, अनलाइन सेवा प्रवाह र विद्युतीय सुशासन सुदृढीकरणको कार्य गर्दछ।

**क. विगु गाउँपालिकामा सञ्चालित विद्युतीय प्रणालीहरूको संक्षिप्त विवरण**

| क्र.सं. | विद्युतीय प्रणालीको नाम | सम्बन्धित शाखा | मुख्य कार्य/प्रयोजन |
|---|---|---|---|
| १ | Official Website | सूचना प्रविधि शाखा | पालिकाका सूचना, निर्णय र ऐन-नियमहरू सार्वजनिक गर्ने। |
| २ | Official Email Portal | सूचना प्रविधि शाखा | आधिकारिक र सुरक्षित डिजिटल पत्रव्यवहार व्यवस्थापन। |
| ३ | Official Facebook Page | सूचना प्रविधि शाखा | नागरिकसँगको प्रत्यक्ष संवाद र सूचनाको तत्काल प्रवाह। |
| ४ | Sparrow SMS | सूचना प्रविधि शाखा | सूचना, बैठकको निम्तो र सार्वजनिक जानकारी मोबाइल सन्देशमार्फत पठाउने। |
| ५ | Hello Sarkar | सूचना प्रविधि शाखा | नागरिकका गुनासाहरू सुन्ने र सम्बोधन गर्ने एकीकृत प्रणाली। |
| ६ | Gcloud (Government Cloud) | सूचना प्रविधि शाखा | सरकारी तथ्याङ्कको सुरक्षित भण्डारण र ब्याकअप। |
| ७ | एकीकृत कार्यालय व्यवस्थापन | सूचना प्रविधि शाखा | कार्यालयको आन्तरिक कार्यप्रणालीलाई डिजिटल बनाउने (कार्यान्वयनको क्रममा)। |
| ८ | दर्ता चलानी प्रणाली | सु.प्र. / प्रशासन शाखा | पत्रव्यवहारको डिजिटल रेकर्ड र प्रमाणपत्रहरूको प्रमाणीकरण। |
| ९ | केन्द्रीकृत नागरिकता प्रणाली | सु.प्र. / प्रशासन शाखा | नागरिकता सम्बन्धी विवरणहरूको डिजिटल व्यवस्थापन। |
| १० | LGPAS | सु.प्र. / योजना / प्रशासन | स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) सम्बन्धी कार्य। |



विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक, दोलखा बागमती प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| ११ | E-attendance | सु.प्र. / प्रशासन शाखा | कर्मचारीहरूको विद्युतीय हाजिरी र समयपालन व्यवस्थापन। |
| १२ | सामाजिक सूचना व्यवस्थापन प्रणाली | महिला तथा बालबालिका शाखा | महिला, बालबालिका र जेष्ठ नागरिक सम्बन्धी तथ्याङ्क। |
| १३ | COPOMIS | सहकारी / गरिबी शाखा | सहकारी संस्थाहरूको प्रोफाइल र गरिबी सम्बन्धी तथ्याङ्क। |
| १४ | Revenue Management (RMIS) | राजस्व शाखा | आन्तरिक राजस्व सङ्कलन, कर निर्धारण र रसिद व्यवस्थापन। |
| १५ | SUTRA | लेखा शाखा | बजेट तर्जुमा, खर्चको लेखाङ्कन र आर्थिक प्रतिवेदन तयारी। |
| १६ | PAMS-V२ | जिन्सी शाखा | सरकारी सम्पत्ति र जिन्सी सामानहरूको व्यवस्थापन। |
| १७ | Bolpatra (e-GP) | खरिद/प्राविधिक शाखा | ठेक्कापट्टा तथा खरिद प्रक्रियाको अनलाइन व्यवस्थापन। |
| १८ | EHMIS / HMIS (DHIS२) | स्वास्थ्य शाखा | स्वास्थ्य रेकर्ड र मासिक अनलाइन रिपोर्टिङ। |
| १९ | सामाजिक सुरक्षा र पञ्जीकरण | पञ्जीकरण शाखा | व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण। |
| २० | EMIS (रोजगार / शिक्षा) | सम्बन्धित शाखा | बेरोजगार सूचीकरण र शैक्षिक तथ्याङ्क व्यवस्थापन। |
| २१ | पुनर्निर्माण व्यवस्थापन (RMIS) | प्राविधिक/ विपद् व्यवस्थापन शाखा | पुनर्निर्माण सम्बन्धी तथ्याङ्क र प्रगति विवरण। |
| २२ | स्वयम् सेवक प्रबंधन सिस्टम | प्रशासन/योजना शाखा | परिचालन गरिएका स्वयम् सेवकहरूको विवरण व्यवस्थापन। |

| | | | |
|---|---|---|---|
| २३ | योजना व्यवस्थापन प्रणाली | योजना शाखा | विकास निर्माणका योजनाहरूको सम्झौता र प्रगति ट्र्याकिङ। |
| २४ | Bipad Portal | विपद् व्यवस्थापन शाखा | विपद् घटनाको रिपोर्टिङ र राहत व्यवस्थापन। |

**ख. इन्टरनेट सेवाको अवस्था तथा विस्तार**

विगु गाउँपालिकाका सबै सरकारी निकायहरूलाई एउटै सञ्जालमा जोडी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन इन्टरनेटको अवस्थालाई देहाय बमोजिम उल्लेख गरिएको छः

| क्षेत्र / स्थान | जडानको अवस्था | सेवा प्रदायक (ISP) / प्रविधि | कैफियत |
|---|---|---|---|
| गाउँपालिका कार्यालय | सञ्चालनमा | Arrownet (SOHO ७७Mbps) & Nepal Telecom Dedicated Fiber Line (१० Mbps) | सबै शाखामा उच्च गतिको सेवा। |
| वडा नं. १ कार्यालय | सञ्चालनमा | Worldlink /Nepal Telecom | सेवा सुचारु रहेको। |
| अन्य वडा कार्यालयहरू (२-८) | सञ्चालनमा | Arrownet / (FTTH १११ Mbps) | अनलाइन पञ्जीकरणका लागि प्रयोग। |
| लामाबगर स्वास्थ्य चौकी | सञ्चालनमा | Worldlink / Nepal Telecom | रिपोर्टिङका लागि प्रयोग भइरहेको। |
| अन्य स्वास्थ्य संस्थाहरू | सञ्चालनमा | Arrownet / (FTTH १११ Mbps) | मुख्य स्वास्थ्य चौकीहरूमा पहुँच पुगेको। |
| सामुदायिक विद्यालयहरू | सञ्चालनमा | Arrownet / (FTTH १११ Mbps) | केहि विद्यालय बाहेक सम्पुर्णमा पहुँच पुगेको। |

**ग. ई-हाजिरी सञ्चालनको अवस्था**

| क्षेत्र / निकाय | मेसिनको प्रकार | सञ्चालन स्थिति | विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| गाउँपालिका कार्यालय | बायोमेट्रिक | पूर्ण सञ्चालन | सबै शाखाका कर्मचारीहरूको दैनिक विद्युतीय हाजिरी। |
| वडा कार्यालयहरू (१-८) | बायोमेट्रिक | पूर्ण सञ्चालन | ८ वटै वडामा मेसिन जडान भई हाजिरी नियमित भएको। |
| स्वास्थ्य संस्थाहरू | बायोमेट्रिक | पूर्ण सञ्चालन | पालिका मातहतका सबै स्वास्थ्य चौकीहरूमा पूर्ण सञ्चालन। |
| सामुदायिक विद्यालयहरू | बायोमेट्रिक | आंशिक सञ्चालन | प्राय विद्यालयहरूमा सञ्चालनमा आएको, बाँकीमा विस्तारको क्रममा रहेको। |

### घ. सूचना प्रविधि शाखाको बजेट कार्यान्वयन अवस्था

आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म सूचना प्रविधि शाखा अन्तर्गत विनियोजित बजेट र सोको भौतिक एवं वित्तीय प्रगतिको विवरण निम्न बमोजिम रहेको छः

| क्र.सं. | कार्यक्रम / बजेट शीर्षक | विनियोजित बजेट (रु.) | खर्च भएको रकम (रु.) | प्रगति (%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सूचना प्रणालि तथा सफ्टवेयर संचालन खर्च | ७,००,००० | - | ०% | जेष्ठ महिना भित्र सम्पन्न गरिने |
| २ | सूचना प्रविधि सम्बन्धि सामाग्री | १०,००,००० | - | ०% | जेष्ठ महिना भित्र सम्पन्न गरिने |
| | कुल जम्मा | १७,००,००० | | | |
| | | | | | |

## ३.११ सामाजिक सुरक्षा तथा पञ्जिरकण ईकाइ

### क. व्यक्तिगत घटना दर्ताको संक्षिप्त प्रतिवेदन

| वडा नं. | जन्म | | | | मृत्यु | | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६८ | ६६ | | १३४ | ४० | २६ | | ६६ | ११ | ९० | ५ | ११ | १० | २३ | | ३१६ |
| २ | १०९ | १०० | | २०९ | ४२ | ४२ | | ८४ | ७ | ७५ | ३ | ५ | ६ | १३ | | ३८४ |
| ३ | ९० | ७७ | | १६७ | ३० | २८ | | ५८ | १२ | ७३ | २ | ५ | १० | ३८ | | ३२२ |
| ४ | १४६ | १४९ | | २९५ | ८८ | ८९ | | १७७ | १० | १४८ | १० | २९ | १३ | ४४ | | ६५३ |
| ५ | ११२ | १०५ | | २१७ | ६६ | ४६ | | ११२ | १२ | १०० | १ | ५ | १९ | ६८ | | ४६१ |
| ६ | १५८ | १४१ | | २९९ | ४१ | २७ | | ६८ | ४ | ७१ | | | ९ | २६ | | ४५१ |
| ७ | ८८ | ९१ | | १७९ | ४० | ३३ | | ७३ | १२ | ८३ | ४ | १३ | १६ | ५५ | | ३६७ |
| ८ | १०३ | ८६ | | १८९ | ४३ | २८ | | ७१ | ७ | ७६ | ३ | ९ | १३ | ५१ | | ३५९ |
| जम्मा | ८७४ | ८१५ | ० | १६८९ | ३९० | ३१९ | ० | ७०९ | ७५ | ७१६ | २८ | ७७ | ९६ | ३१८ | ० | ३३१३ |

## ख. सामाजिक सुरक्षा लाभग्राही संख्यात्मक विवरण

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला : दोलखा गा.पा/न.पा. : विगु आर्थिक वर्ष : २०८२/८३ अबधिको किसिम : त्रैमासिक किस्ता : तृतीय | | | | | | | | | | | | | | | | |
| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क बर्ग | | ख बर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | १२८ | १५२४५५२ | ३ | २३९४० | १९ | १५१६२० | ४३ | ३४०४८० | २ | २३९४० | १५ | ९५७६० | १३ | १८१५९ | २२३ | २१७८४५१ |
| २ | १८० | २१५४६६७ | १० | ७९८०० | २५ | १९९५०० | २१ | १६४९२० | ० | ० | १७ | १०६४०० | ११ | १७५५६ | २६४ | २७२२८४३ |
| ३ | २५३ | ३०३६००० | २४ | १९१५२० | २७ | २१५४६० | ४० | ३१३८८० | ७ | ८३७९० | २८ | १७८७५२ | ४५ | ७०७३९ | ४२४ | ४०९०१४१ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ३९३ | ४७१६००० | २६ | २०७४८० | ३५ | २७९३०० | ५९ | ४७०८२० | १२ | १३९६५० | ३३ | २१०६७२ | ३७ | ५४२७१ | ५९५ | ६०७८१९३ |
| ५ | २८८ | ३४४०८४१ | १७ | १३५६६० | २७ | २१०१४० | ४२ | ३३२५०० | ६ | ७१८२० | २० | १२७६८० | २९ | ४४४२२ | ४२९ | ४३६३०६३ |
| ६ | १७९ | २१४८००० | ९ | ७१८२० | १८ | १४३६४० | २२ | १७५५६० | ४ | ४७८८० | १० | ६३८४० | ५ | ७९८० | २४७ | २६५८७२० |
| ७ | १९४ | २३२८००० | २ | १५९६० | ३० | २३९४०० | ३७ | २८४६२० | ४ | ४७८८० | १४ | ८९३७६ | ९ | ११८३० | २९० | ३०१७०६६ |
| ८ | १९१ | २२८४२६७ | ५ | ३९९०० | २१ | १६७५८० | २८ | २२३४४० | ५ | ५९८५० | २३ | १४६८३२ | ९ | १४३६४ | २८२ | २९३६२३३ |
| जम्मा | १८०६ | २१६३२३२७ | ९६ | ७६६०८० | २०२ | १६०६६४० | २९२ | २३०६२२० | ४० | ४७४८१० | १६० | १०१९३१२ | १५८ | २३९३२१ | २७५४ | २८०४४७१० |

# खण्ड ४: चुनौती र समस्याहरू

चालू आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक अवधिसम्म नीति, कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्ने क्रममा निम्न बमोजिमका भौगोलिक, प्राविधिक र प्रशासनिक चुनौतीहरू देखिएका छन्:

## ४.१ भौगोलिक विकटता र प्राविधिक अवरोध

बिगु गाउँपालिकाको भौगोलिक बनावट अत्यन्तै विकट र छरिएको हुनाले सेवा प्रवाहमा केही प्राविधिक कठिनाइहरू रहेका छन्:

- **अनलाइन रिपोर्टिङमा ढिलाइः** दुर्गम वडाहरूमा उच्च क्षमताको इन्टरनेट र भरपर्दो विद्युत् आपूर्तिको अभावले गर्दा **SUTRA, LGPAS र पञ्जीकरण** जस्ता अनलाइन प्रणालीहरूमा समयमै तथ्याङ्क प्रविष्टि गर्न कठिनाइ भएको छ।
- **मर्मत सम्भारमा समस्याः** प्रतिकूल मौसम र भौगोलिक अवस्थाका कारण फाइबर लिंक टुट्ने वा पावर ब्याकअपमा समस्या आउँदा तत्काल प्राविधिक मर्मत गर्न समय लाग्ने गरेको छ।

## ४.२ दक्ष प्राविधिक जनशक्तिको अभाव

पालिकाको स्वीकृत दरबन्दी अनुसारका प्राविधिक कर्मचारीहरूको अभावले कार्य सम्पादनमा चाप परेको छ:



बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

- **कार्यबोझ र गुणस्तरः** सीमित प्राविधिक जनशक्तिले धेरै संख्यामा रहेका योजनाहरूको लागत अनुमान (Estimate), सुपरिवेक्षण र मूल्याङ्कन गर्नुपर्ने हुँदा कार्यसम्पादनमा सोचे जस्तो गति दिन चुनौतीपूर्ण रहेको छ।
- **विशिष्टीकृत सीपः** नयाँ डिजिटल प्रणालीहरू र सफ्टवेयर सञ्चालनका लागि तल्लो तहसम्म दक्ष जनशक्तिको कमी हुँदा कार्य सञ्चालनमा परनिर्भरता बढेको छ।

## ४.३ योजना कार्यान्वयन र उपभोक्ता समितिको प्रवृत्ति

विकास निर्माणका कार्यहरूलाई समयमै सम्पन्न गर्ने सवालमा केही व्यावहारिक समस्याहरू देखिएका छन्:

- **ढिलासुस्तीः** उपभोक्ता समितिहरू समयमै योजना सम्झौताका लागि नआउने र आर्थिक वर्षको अन्त्यमा मात्र काम सुरु गर्ने पुरानो प्रवृत्ति कायमै रहेको छ।
- **असारे विकासको चापः** वैशाख र जेठ महिनामा एकैपटक धेरै योजनाहरूको सम्झौता र कार्यान्वयनको चाप पर्दा अनुगमन र गुणस्तर नियन्त्रणमा दबाब सिर्जना भएको छ।

# खण्ड ५: निष्कर्ष तथा आगामी कार्यदिशा

## ५.१ समग्र समीक्षा

बिगु गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक अवधिसम्म तय गरेका लक्ष्य र कार्यक्रमहरूको प्रगति सन्तोषजनक देखिएको छ। सीमित स्रोत-साधन र भौगोलिक प्रतिकूलताका बाबजुद पनि शिक्षा, स्वास्थ्य र पूर्वाधारका मुख्य योजनाहरू कार्यान्वयनको चरणमा रहेका छन्।

## ५.२ डिजिटल सुशासनको प्रभाव

सूचना प्रविधिको अधिकतम प्रयोग ले पालिकाको प्रशासनिक कार्यशैलीमा सुधार ल्याएको छ। यसले सेवा प्रवाहमा पारदर्शिता कायम गर्नुका साथै नागरिकहरूलाई छिटो र छरितो सेवा प्रदान गर्न मद्दत पुगेको छ।

## ५.३ प्रतिवद्धता

बाँकी रहेका योजनाहरूलाई गुणस्तरीय रूपमा सम्पन्न गर्न अनुगमन कार्यलाई अझ सघन बनाइनेछ। उपभोक्ता समिति र निर्माण व्यवसायीहरूलाई समयमै काम सक्न प्रोत्साहित गर्दै "असारे विकास" को चापलाई कम गर्न वैशाख र जेठ महिनाभित्रै अधिकतम भौतिक प्रगति हासिल गर्ने लक्ष्य राखिएको छ। आगामी त्रैमासिकमा

शतप्रतिशत वित्तीय र भौतिक उपलब्धि हासिल गरी समृद्ध बिगुको संकल्प पूरा गर्न यो पालिका कटिबद्ध रहेको छ ।